डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

कार्यपालिका बैठक नं. ६

मिति २०७९।०३।२८ गते, ४:३० बजे

उपस्थिति:

श्री सन्तोष प्रकाश जोशी (गाउँपालिका अध्यक्ष)

श्री भगीरथ बोहरा (गाउँपालिका उपाध्यक्ष)

श्री कृष्ण कुमार धामी (सदस्य)

श्री नवराज घरडी (सदस्य)

श्री रघुविर बोहरा (सदस्य)

श्री हरी दत्त पन्त (सदस्य)

श्री यज्ञ राज भट्ट (सदस्य)

श्री उत्तर बहादुर बोहरा (सदस्य)

श्री प्रकाशमणी भट्ट (सदस्य)

श्री कलावती लुहार (सदस्य)

श्री कविता भूल (सदस्य)

श्री दुर्गा धामी (सदस्य)

श्री मानमती लुहार (सदस्य)

श्री बिमला बोहरा (सदस्य)

श्री शारदा बोहरा (सदस्य)

श्री गणेश सिंह बोहरा (सदस्य सचिव)

कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरु:

प्रस्ताव नं. १: १० वर्षे गाउँ शिक्षा योजना निर्माण समिति सम्बन्धमा ।

निर्णय नं. १: डिलासैनी गाउँपालिकाको शिक्षा क्षेत्रको सबलिकरणका लागि तपसिल बमोजिम १० वर्षे गाउँ शिक्षा योजना निर्माण समिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

१. श्री सन्तोष प्रकाश जोशी(गाउँपालिका अध्यक्ष) - संयोजक

२ श्री भगीरथ बोहरा(गाउँपालिका उपाध्यक्ष) - आमन्त्रित सदस्य

३. श्री प्रकाशमणी भट्ट (कार्यपालिका सदस्य) - सदस्य

४. श्री बिमला बोहरा (कार्यपालिका सदस्य)- सदस्य

५. श्री प्रमानन्द भट्ट (शि. के. मावि धामीगाउँ प्रधानाध्यापक) - सदस्य

६. श्री सामुदायिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष १ जना - सदस्य

७. श्री विद्या प्रसाद जोशी (योजना निर्माण सम्बन्धी तालिम प्राप्त शिक्षक श्री सेटीगाउँ मावि ककरपाखा) - सदस्य

८. श्री महादेव भट्ट (शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख) - सदस्य सचिव

**प्रस्ताव नं. २:** निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. २:** डिलासैनी गाउँपालिका अन्तरगत वडा कार्यालयबाट सिफारिस भई विपद् व्यवस्थापन समिति र पूर्वाधार विकास समितिले कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण र सुरक्षित नागरिक आवास कार्यक्रममा छनौट भएका लाभग्राहीहरुलाई नगद हस्तान्तरण तथा वितरण सम्बन्धी निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं. ३:** योजना प्राथमिकीकरण सम्बन्धमा ।

**निर्णय नं. ३:** डिलासैनी गाउँपालिका अन्तरगत सबै वडाहरुबाट सिफारिस भएका आर्थिक वर्ष २०७९।०८० मा कार्यान्वयन हुने विषयगत क्षेत्रका योजनाहरुको प्राथमिकीकरण तथा छनौट र सेवा प्रवाहको प्रभावकारीताका लागि कार्ययोजना अनुसार श्रावण ०२ गते बाट एकिकृत अनुगमन तथा अध्ययन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं. ४:** एकिकृत गाउँ वस्तुस्थिति तथा कृषि तथ्याङ्क संकलन सम्बन्धमा ।

**निर्णय नं. ४:** डिलासैनी गाउँपालिकाको एकिकृत गाउँ वस्तुस्थिति तथा कृषि सम्बन्धी तथ्याङ्क संकलनका लागि प्रत्येक वडामा जम्मा ४ जना गणक खटाउनका लागि थप १४ स्वयंसेवी गणक र १४ जना कृषि गणक थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

CamScanner